# माननीय रक्षामन्त्री श्री मानवीर राईले रक्षा मन्त्रालयको जिम्मेवारी सम्हाल्नुभएको एक वर्षको अवधिमा रक्षा मन्त्रालय र अन्तर्गतका निकायहरूबाट सम्पादन भएका मुख्य-मुख्य कार्यहरूको प्रगति विवरण

(२०८२ असार ३२ गते)

---

## (क) राष्ट्रिय सुरक्षा सुदृढीकरणका क्षेत्रमा सम्पादन गरिएका प्रमुख कार्यहरू:

- राष्ट्रिय सुरक्षा नीति, २०७५ तथा सोको कार्यान्वयन योजना २०७७ मा उल्लेख भएअनुसारका विभिन्न क्रियाकलापहरू सम्पादन गर्न आवश्यक नेतृत्व, समन्वय र सहजीकरण गरी समग्र राष्ट्रिय सुरक्षा प्रणालीलाई सुदृढ तुल्याइएको छ।
- राष्ट्रिय प्रतिरक्षा नीति, २०७७ को प्रभावकारी कार्यान्वयन गरिएको छ।
- यस अवधिमा सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय सुरक्षा परिषद्का अध्यक्ष श्री केपी शर्मा ओलीज्यूको अध्यक्षतामा राष्ट्रिय सुरक्षा परिषद्को पाँचवटा बैठक बसी राष्ट्रिय सुरक्षाका समग्र पक्षमा महत्त्वपूर्ण छलफल तथा निर्णयहरू भई कार्यान्वयनमा लगिएको छ।
- मिति २०८१/०५/२५ गते राष्ट्रिय सुरक्षा परिषद्का अध्यक्ष सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूले राष्ट्रपति कार्यालय, महाराजगञ्जमा आयोजित एक कार्यक्रमबीच सम्माननीय राष्ट्रपतिज्यू समक्ष नेपालको संविधानको भाग २८, धारा २६६ को उपधारा (३) बमोजिम राष्ट्रिय सुरक्षा परिषद्को आर्थिक वर्ष २०७९/८० को छैटौं र आर्थिक वर्ष २०८०/८१ को सातौं वार्षिक प्रतिवेदन पेस गर्नु भएको छ।
- राष्ट्रिय सुरक्षाक्षासँग सम्बन्धित वस्तुस्थिति तथा राष्ट्रिय सुरक्षा नीति, २०७५ कार्यान्वयनको अवस्था सम्बन्धमा छलफल तथा अन्तरक्रियाको लागि २०८१ चैत्र महिनामा गण्डकी र वाग्मती प्रदेश तथा २०८२ जेठ महिनामा कर्णाली प्रदेशको अनुगमन भ्रमण सम्पन्न गरिएको छ।
- बदलिँदो अन्तर्राष्ट्रिय सुरक्षा परिवेश र त्यसले नेपालको आर्थिक, सामाजिक, कूटनीतिक र सुरक्षा क्षेत्रमा सिर्जना गर्नसक्ने प्रभाव तथा नेपालले अवलम्बन गर्नुपर्ने उपायहरू सम्बन्धमा सम्बन्धित विषयका विज्ञहरूलाई आमन्त्रण गरी सम्बन्धित सरोकारवाला मन्त्रालय/निकायका प्रतिनिधिहरू समेतको उपस्थितिमा उच्चस्तरीय छलफल/अन्तरक्रिया सम्पन्न गरिएको छ।

## (ख) नीतिगत/कानूनी क्षेत्रमा सम्पादन गरिएका प्रमुख कार्यहरू:

- "राष्ट्रिय सेवा दल सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२" मा अर्थ मन्त्रालयको सहमति प्राप्त भई आवश्यक तर्जुमा तथा सहमतिको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाउने क्रममा रहेको छ।
- "राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको स्थापना, सञ्चालन र व्यवस्थापन गर्न बनेको विधेयक" को परिमार्जित मस्यौदा राय/सहमतिका लगि मिति २०८२/१/५ मा अर्थ मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पठाइएको छ।

- "राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) (पाचौं संशोधन) आदेश, २०८२" नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भई मिति २०८२/०१/२२ गते नेपाल राजपत्रमा प्रकाशन गरिएको छ।
- सैनिक सेवा नियमावली, २०६९ को संशोधन मस्यौदा राय सहमतिका लागि दोस्रो पटक अर्थ मन्त्रालयमा पठाइएको।

## (ग) शासकीय सुधार तथा प्रशासनिक सहजीकरणका क्षेत्रमा सम्पादन गरिएका प्रमुख कार्यहरू:

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको शासकीय सुधार कार्यान्वयन समितिलाई आवश्यक सूचना र पृष्ठपोषण प्रदान गर्ने उद्देश्यले रक्षा मन्त्रालयको प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा मिति २०८२/२/१४ गते शासकीय सुधार एकाइ गठन गरिएको छ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग लगायतका निकायबाट प्राप्त १०८ गुनासो तथा उजुरीहरूमध्ये ५३ वटा फछ्र्यौट गरिएको र बाँकी गुनासो तथा उजुरीहरूको सम्बन्धमा नेपाली सेनामा पत्राचार गरिएको छ।
- नेपाली सेनाको लागि दैलेख जिल्ला, दुल्लुस्थित नेपाली सेना कालिदत्त गुल्मले साविकदेखि प्रयोग गर्दै आएको कि.नं.४९ समेतका ५८ कित्तामध्येको जम्मा क्षेत्रफल ३३,०६८ वर्ग मिटर (६५-०-०-० रोपनी) जग्गा, जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ बमोजिम प्राप्त गर्नको लागि नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/०१/०२ को बैठकबाट स्वीकृति भएकोमा प्रारम्भिक कारबाही भई जग्गा प्राप्तिको कार्य भइरहेको छ।
- मन्त्रालयका कर्मचारीहरू तथा नेपाली सेनाका प्राविधिक जनशक्तिसहित सकल दर्जाको क्षमता विकासका लागि स्वदेश तथा विदेशमा आयोजना भएका तालिम, सेमिनार, अवलोकन भ्रमण तथा विभिन्न कोर्षहरूमा सहभागी गराइएको छ।
- मन्त्रालयका निजामती कर्मचारीहरू तथा नेपाली सेनाका अधिकृत तहका राष्ट्रसेवकहरूको नियुक्ति, सरुवा,पदस्थापन, बढुवा, राजीनामा स्वीकृति सम्बन्धी नियमित प्रकृतिका प्रशासनिक कार्यहरू समयमै सम्पादन गरिएको छ।

## (घ) विकास निर्माण क्षेत्रमा सम्पादन गरिएका कार्यहरू:

### काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजना

### आयोजनाको खरिद व्यवस्थापन

- नेपाली सेनाको व्यवस्थापनमा निर्माण भइरहेको राष्ट्रिय गौरवको काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाको समष्टिगत कार्ययोजना अनुसारका १३ वटा निर्माण प्याकेजहरूमध्ये हालसम्म द्रुतमार्गको ६.५ किलोमिटरदेखि अन्तिम बिन्दु ७०.९७७ किलोमिटर खण्डमा पर्ने प्याकेज नं. १, २, ३, ४, ५, ६, ७, ८क, ८ख, ९क, ९ख र १० गरी १२ वटा निर्माण प्याकेजहरूको खरिद सम्झौता भई कार्यान्वयनमा रहेका छन्।

- प्याकेज नं. ११ अन्तर्गत पर्ने खोकना इलाकामा द्रुतमार्गको शुरु बिन्दु निर्धारण, सवारी आवागमन व्यवस्थापन सम्बन्धी निर्णय र जग्गा अधिग्रहण सम्बन्धी समस्या समाधानपश्चात् खरिद प्रक्रिया सुरु

गर्ने गरी तयारी अवस्थामा रहेको छ। द्रुतमार्गको सुरु बिन्दु निर्धारण तथा सवारी आवागमन व्यवस्थापन सम्बन्धमा इन्जिनियरिङ्ग अध्ययन संस्थान, पुल्चोक क्याम्पस अन्तर्गत Research and Training Unit (RTU) बाट मिति २०८०।१२।०६ गते विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त भई RTU को उक्त प्रतिवेदनमा प्रस्ताव गरिएका विकल्पहरू सम्बन्धमा छलफल भइरहेको छ। छिटै उपयुक्त विकल्प पहिचान गरी कार्यान्वयनमा लैजाने योजना रहेको छ।

<u>आयोजनाको समष्टिगत प्रगति देहायबमोजिम रहेको:</u>

- आयोजनाको कुल लागत २११ अर्ब
- २०८२ असार मसान्तसम्मको भौतिक प्रगति : ४१.३७ प्रतिशत
- वित्तीय प्रगति : ४२.७४ प्रतिशत (मोबिलाइजेसन सहित)
- आ.व. २०८१/८२ को लागि संशोधित विनियोजित बजेट:- रु. १५.३० अर्ब
- आ.व. २०८१/८२ को हालसम्मको खर्च रकम:- रु. १३.४६ अर्ब

<u>सुरुङ निर्माण कार्यको प्रगति</u>

- आयोजना अन्तर्गत जम्मा ७ (सात) वटा सुरुङहरूमध्ये प्याकेज नं. २ अन्तर्गत मकवानपुरको बकैया गाउँपालिका र गढी गाउँपालिकामा निर्माणाधीन धेद्रे तथा लेनडाँडा सुरुङहरूको Breakthrough सम्पन्न भएको छ। बाँकी सुरुङहरू निर्माणका चरणमा रहेका छन्।

<u>पुल निर्माण कार्यको प्रगति</u>

- आयोजना अन्तर्गत विभिन्न स्थानमा रहेका जम्मा ८९ पुलहरूमध्ये ८५ स्थानका पुलहरू निर्माणको लागि खरिद सम्झौता सम्पन्न भएकोमा हालसम्म ५ वटा पुलहरूको निर्माण कार्य सम्पन्न भएको छ।

<u>रुख कटान र वृक्षारोपण.</u>

- हालसम्म ४९,६३४ वटा रुखहरू कटान सम्पन्न गरिएको छ। कटान गरिएका रुखहरूको बदलामा हालसम्म जम्मा ७,०५,५५२ बिरुवा रोप्ने कार्य सम्पन्न भइसकेको छ।

<u>अन्य सडक करिडोर आयोजनाहरू</u>

- कर्णाली कोरिडर (लालीबगर-दुलिकुन्ना र घाटपाटीचौर-बद्रीगाउँ-भुक्काखोला खण्ड) अन्तर्गत थप २.५ कि.मि. नयाँ ट्र्याक  निर्माण सम्पन्न भई कुल १६ कि.मि. नयाँ ट्र्याक निर्माण गरिएको छ।
- हुम्ला जिल्लाको सदरमुकाम सिमिकोटलाई राष्ट्रिय राजमार्गसँग जोड्ने उद्देश्यले नेपाली सेनाको व्यवस्थापनमा बोक्चे गौडा, भीर गौडा र याङ्चु गौडामा गरी जम्मा ८०० मिटर लम्बाइको सडक निर्माण तथा खार्पुनाथस्थित चुवा खोला नदीमा बेलिब्रिज निर्माण सम्पन्न गरी सम्माननीय प्रधानमन्त्रीज्यूबाट मिति २०८२ असार २२ गते सो सडकको उद्घाटन भई सञ्चालनमा आएको छ।
- कोशी करिडोर अन्तर्गत (च्याम्ताङ-घोङघप्पा खण्ड) २ कि.मि. नयाँ ट्र्याक निर्माण सम्पन्न भई कुल १०.५१ कि.मि. नयाँ ट्र्याक खोल्ने काम पूरा भएको छ।

- महाकाली करिडोर अन्तर्गत दार्चुला-टिङ्कर (तुसारपानी-टिङ्कर खण्ड) मा ४.१ किलोमिटर नयाँ ट्र्याक निर्माण सम्पन्न भई कुल १७.५ कि.मि. नयाँ ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ।
- बेनीघाट-आरुघाट लार्के भञ्ज्याङ सडक आयोजना अन्तर्गत २ कि.मि. नयाँ ट्र्याक निर्माण सम्पन्न गर्ने कार्य भई कुल ४० कि.मि. सडकको ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ।

<u>अन्य पूर्वाधार निर्माणतर्फ</u>

- राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको लागि काभ्रेको साँगा नगिच पेरुङ्गे डाँडामा प्रशासनिक भवन, विद्यार्थी आवास भवन लगायतका भौतिक संरचना निर्माण अन्तर्गत करिब ७६.५८% भौतिक प्रगति हासिल भएको छ।
- बङ्करदेखि ब्यारेक कार्यक्रम अन्तर्गत ७३ वटा विभिन्न भौतिक संरचनाहरूको निर्माण कार्य सम्पन्न गरिएको छ।

## (ङ) विपद् व्यवस्थापन क्षेत्रमा सम्पादन गरिएका कार्यहरू:

- विभिन्न जिल्लाबाट प्रसूति, घाइते तथा अन्य बिरामीको उद्धारका लागि नेपाली सेनाबाट १५२ (एक सय बाउन्न ) पटक हेलिकप्टरबाट उडान सेवा उपलब्ध गराइएको छ।
- विभिन्न प्राकृतिक प्रकोप, बाढी पहिरोको कारणले जोखिममा परेका नागरिकहरूको तत्काल उद्धार गर्न ८१ (एकासी) पटक नेपाली सेनाबाट हेलिकप्टर उडान सेवा उपलब्ध गराइएको छ।
- यस अवधिमा नेपाली सेनाबाट विपद् प्रभावित कुल ९८९ जनालाई जीवितै उद्धार गरिएको, विभिन्न ठाउँबाट ९८ वटा शव निकाल्ने कार्य गरिएको, ३२ स्थानमा पहिरो हटाउन सहयोग गरिएको, ३४ स्थानमा अवरुद्ध सडक सुचारु गराउन सहयोग गरिएको, ४ स्थानमा तटबन्ध निर्माण गरिएको,६ स्थानमा अस्थायी पुल निर्माण गरिएको र विभिन्न ४ स्थानमा बेलिब्रिज जडान गरी सडक सुचारु गर्न सहयोग पुऱ्याइएको छ।
- २०८१ चैत्र १५ गते (तदनुसार २८ मार्च, २०२५) म्यानमारमा ७.७ रेक्टर स्केलको शक्तिशाली भूकम्प गई ठूलो मात्रामा जनधनको क्षति भएको तथा धेरै नागरिकहरू घाइते भएकोमा मानवीय सहायतास्वरूप भूकम्पप्रभावित क्षेत्रमा प्रभावकारी स्वास्थ्य उपचार सेवाको लागि नेपाली सेनाको मेडिकल टोली खटाउने नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयअनुसार मिति २०८१/१२/२०-२९ गतेसम्म १२ जना चिकित्सकीय टिम, ४ जना सहायता टिम म्यानमारमा खटिई विभिन्न प्रकृतिका आवश्यक औषधि एवं इक्युप्मेन्टहरू सहित भूकम्पमा परी घाइते भएका १३५८ जनालाई स्वास्थ्य उपचार सेवा प्रदान गरिएको छ। सो कार्यको लागि म्यानमार सरकारको स्वास्थ्य मन्त्रालय र National Disaster Management Committee ले नेपाली सेनाको मेडिकल टोलीलाई प्रशंसा पत्र प्रदान गरेको छ।
- २०८१।०३।३१ गते देखि मिति २०८२।०३।३० गतेसम्म १६,००० जनालाई सामुदायिक विपद् प्रतिकार्य तालिम प्रदान गर्ने लक्ष्य रहेकोमा १९,०८९ जनालाई तालिम प्रदान गरी लक्ष्यभन्दा बढी प्रगति हासिल भएको छ।

- २०८१ असोजमा आएको बाढी तथा २०८२ असारमा रसुवागढीमा आएको बाढीमा समेत विपद् प्रभावितहरूको उद्धार, खोजतलासी तथा पुनः स्थापना लगायतका कार्यमा नेपाली सेनाबाट प्रशंसनीय कार्य भएका छन्।
- मिति २०८१ असोज ११ र १२ गते परेको अविरल वर्षाका कारणले क्षतिग्रस्त सिन्धुली रामेछाप जोड्ने खुर्कोटस्थित सुनकोशी नदीमाथिको ५० मिटर Steel Truss Bridge को पुनर्निर्माण नेपाली सेनाबाट सम्पन्न भई सडक सुचारु गरिएको छ। यसैगरी सिन्धुपाल्चोक जिल्लाको तातोपानी नगिच झिर्पुमा अरनिको राजमार्ग अन्तर्गत लिपिङ्ग खोलामाथि नेपाली सेनाबाट समयमै बेलिब्रिज जडान कार्य सम्पन्न गरी सम्बन्धित पक्षलाई हस्तान्तरण गरिएको छ।

<u>मिति २०८२/०३/२४ गते रसुवाको भोटेकोशी नदीमा आएको बाढीको सन्दर्भमा नेपाली सेनाबाट भए गरेका उद्धार कार्यहरूको विवरण</u>

(१) **हालसम्म परिचालित फौजः** १३०५ जना
(२) **हवाई उद्धारः** रसुवा-२९ जना, नुवाकोट-२ जना
(३) **सकुशल उद्धारः** ९ जना
४) **शव निकाल्ने कार्यः** १ वटा
(५) **पहिरो/ढुङ्गा/लेदो पन्छाउन सहयोगः** ३ स्थान, ३० जना परिचालित
(६) **वैकल्पिक बाटो बनाउने कार्यमा सहयोगः** १८ स्थान, ३५३ जना परिचालित
(७) हाल खोज तथा उद्धार र अवरुद्ध सडक सुचारु गर्ने कार्यमा नेपाली सेना निरन्तर खटिइरहेको छ।

<u>महाकाली नदी नियन्त्रण कार्यक्रमः</u>

- नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ साल जेठ ६ गतेको निर्णय अनुसार नेपाली सेनालाई महाकाली पुल नजिकै नदीको बीच भागमा थुप्रिएको नदीजन्य पदार्थ उचित स्थानमा व्यवस्थापन गर्ने साथै गत वर्षको बाढीद्वारा क्षतिग्रस्त "Guide Bund" निर्माणलगायत अस्थायीरूपमा नदी नियन्त्रण कार्य गर्न नेपाली सेनालाई जिम्मेवारी प्राप्त भएकोमा हालसम्म महाकाली नदीको पूर्वी किनारातर्फ भत्किएको "Guide Bund" को निर्माण कार्य तथा Protection Work सम्पन्न भएको, महाकाली नदीको बीच भागमा नदीजन्य पदार्थ निकाली Channel निर्माण गरिएको तथा महाकाली नदीको पश्चिम किनारामा Channelization द्वारा नदीजन्य पदार्थ निकाली UP Stream साइडतर्फ र Down Stream साइडतर्फ Channel निर्माण गरिएको छ।

## (च) <u>अन्तर्राष्ट्रिय शान्ति स्थापना सम्बन्धमा सम्पादन गरिएका कार्यहरूः</u>

- मित्रराष्ट्र जर्मनीको बर्लिनमा मिति २०८२ वैशाख ३० गतेदेखि मिति २०८२ जेठ १ गतेसम्म (तदनुसार १३-१४ May २०२५) आयोजना भएको UN Peacekeeping Ministerial-2025 मा

माननीय रक्षा मन्त्रीको नेतृत्वमा उच्चस्तरीय प्रतिनिधि मण्डलले सहभागिता जनाई नेपालको तर्फबाट शान्ति सेना खटाउने सन्दर्भमा विभिन्न प्रतिबद्धताहरू व्यक्त गरिएको छ ।

- यस अवधिमा संयुक्त राष्ट्रसंघको आह्वानमा विश्वका विभिन्न द्वन्द्वग्रस्त क्षेत्रहरूमा शान्ति सेना खटाउने क्रममा विभिन्न ११ वटा शान्ति मिसनहरूमा नेपाली सेनाबाट ५६८ महिलासहित ५८८८ शान्ति सैनिक खटाइएको छ। शान्ति स्थापनार्थ फौज योगदान गर्ने मुलुकमा नेपाल अहिले पहिलो स्थानमा रहेको छ। हालसम्म नेपालले कुल १,५९,५४३ (३४२६ महिलासहित) फौज शान्ति स्थापनार्थ खटाएको स्थिति छ।
- मिति २०८२।०३।०८ गतेदेखि ऐ. १४ गतेसम्म MINUSCA मिसन CAR मा कार्यरत नेपाली शान्ति सेना युनिटहरूको कार्यसम्पादनको अनुगमन, निरीक्षण तथा संयुक्त राष्ट्र संघका स्थानीय पदाधिकारीहरूसँग छलफलका लागि रक्षा मन्त्रालयका सचिवको नेतृत्वमा नेपाली सेना र परराष्ट्र मन्त्रालयका प्रतिनिधि सम्मिलित ५ सदस्यीय High Level Delegation बाट भ्रमण सम्पन्न भएको छ।
- मिति २०८२।०३।१६ गतेदेखि ऐ. २२ गतेसम्म सहायक रथीको नेतृत्वमा रक्षा मन्त्रालय र अर्थ मन्त्रालयका प्रतिनिधिहरू सम्मिलित ५ (पाँच) सदस्यीय प्रतिनिधिमण्डलबाट MONUSCO मिसन, DR Congo मा तैनाथ नेपाली शान्तिसेना युनिटहरूको कार्यसम्पादनको अनुगमन, निरीक्षण तथा संयुक्त राष्ट्र संघका स्थानीय पदाधिकारीहरूसँग छलफलका लागि भ्रमण सम्पन्न भएको छ।

<u>UN को उच्चतहमा सैनिक पदाधिकारीहरूको नियुक्ति र सहभागिता सम्बन्धमा</u>

- UNIFIL Mission, Lebanon मा Deputy Force Commander, UNMISS Mission, South Sudan तथा MINUSCA Mission CAR मा Sector Commander को Appointment मा नेपाली सेनाका रथीवृन्द नियुक्त भै कार्यरत रहनु भएको छ । त्यसैगरी UNDOF मिसन सिरियामा Chief of Staff (COS) को नियुक्तिमा एक जना सैनिक पदाधिकारी छनौट हुनु भएको छ।

## (छ) द्विपक्षीय सैनिक सम्बन्ध र सहयोग आदान-प्रदानका क्षेत्रमा सम्पादन गरिएका कार्यहरू:

- नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८१।०५।०६ को निर्णय बमोजिम अमेरिकाको Honolulu, Hawaii मा नेपाली सेना र अमेरिकी सेनाबीच मिति २०८१/०५/१९ गतेबाट ऐ.२१ गतेसम्म पाचौं संस्करणको Land Forces Talks (LFT) बैठक सम्पन्न गरी द्विपक्षीय सैनिक सम्बन्धलाई थप सुदृढ बनाउनुका साथै नेपाली सेनाको लागि आवश्यक प्राविधिक सरसामग्रीहरू उपलब्ध गराउने विषयमा समझदारी भएको छ।
- नेपाली सेनाको ३३४ जना र भारतीय सेनाको ३३४ गरी जम्मा ६६८ जना फौजको सहभागितामा EX Suryakiran अभ्यासको १८औं संस्करण मिति २०८१।९।१६ गतेदेखि ऐ. २९ गतेसम्म सञ्चालन भएको छ।
- नेपाली सेना र चिनियाँ सेनाबीच चीनको Chongqing मा मिति २०८१।६।०५ गतेदेखि ऐ. १५ गतेसम्म सञ्चालन भएको Ex-Sagarmatha Friendship 2024 कार्यक्रममा नेपाली सेनाबाट १६ सदस्यीय टोली सहभागी भई सफलतापूर्वक अभ्यास सम्पन्न गरिएको छ।

- नेपाली सेना र अमेरिकी सेनाको संयुक्त सहभागितामा मिति २०८२ वैशाख ६ गतेदेखि ज्येष्ठ २ गतेसम्म Exercise Teak Nail सफलतापूर्वक सम्पन्न गरिएको छ।
- बेलायतमा मिति २०८१।६।१८ गतेदेखि ऐ. २७ गतेसम्म सञ्चालन भएको Exercise Cambrian Patrol कार्यक्रममा नेपाली सेनाबाट १० जनाको टोली सहभागी भई उत्कृष्ट प्रदर्शनका लागि स्वर्ण पदक प्राप्त गर्न सफल भएको छ।
- नेपाली सेना तथा अमेरिकी सेना (US INDO-PACAM) को संयुक्त आयोजनामा विभिन्न मित्रराष्ट्रहरूका सैनिक एवं गैर सैनिक व्यक्तिहरू गरी जम्मा ९५ जनाको सहभागितामा २०८१ चैत्र ४ गतेदेखि ऐ. १४ गतेसम्म नेपालमा Multinational Planning Augmentation Team Tempest Express (MPAT TE-40) सफलतापूर्वक सम्पन्न गरिएको छ।
- राष्ट्रिय सुरक्षा र सम्बन्धित भूराजनीतिक विषयवस्तुमा केन्द्रित रही भारत तथा अन्य मित्रराष्ट्रबीच रही आएको सैनिक सम्बन्धलाई थप सुमधुर बनाउने सम्बन्धमा मिति २०८१/६/७ गतेदेखि १९ गते (तदनुसार २३ सेप्टेम्बर देखि ५ अक्टोबर २०२४) सम्म भारतमा आयोजित राष्ट्रिय सुरक्षा र भूराजनीतिक विषयक कार्यक्रममा सहभागिता जनाइएको छ।
- मिति २०८२।०३।०२ को नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयानुसार भारतको पुणेमा २०८२ असार ९ र १० (तदनुसार २३ र २४ जुन, २०२५) गते आयोजना भएको सुरक्षा सम्बन्धी नेपाल-भारत द्विपक्षीय परामर्श समूह (Nepal-India Bilateral Consultative Group on Security Issues-BCGSI) को सोह्रौं बैठकमा नेपालका तर्फबाट परराष्ट्र मन्त्रालयको सहसचिवको नेतृत्वमा रक्षा मन्त्रालय र नेपाली सेनाका प्रतिनिधिहरू सहित १० (दश) जनाको प्रतिनिधिमण्डलले सहभागिता जनाई विभिन्न विषयमा छलफल भई समझदारी भएको छ।

## (ज) राष्ट्रिय सेवादलसम्बन्धी कार्यहरू:

- विद्यार्थीहरूमा अनुशासन, राष्ट्रभक्ति र आधारभूत सैनिक सिपहरू सिकाउने उद्देश्यले आ.व. २०८१/८२ मा ७७०४ जनालाई राष्ट्रिय सेवादलको तालिम प्रदान गर्ने लक्ष्यअनुसार कार्य सम्पन्न भएको छ। मिति २०८१/०३/१४ गतेबाट देशैभरिका ७७ वटा जिल्लाहरूमध्ये ७५ वटा जिल्लाहरूमा रहेका १६९ वटा विद्यालयहरूमा ७९ दिनको जुनियर डिभिजनका (६०८४ जना) क्याडेट छात्रछात्राहरू सहभागी गराई NCC संस्थागत तालिम सम्पन्न गरिएको छ।
- मिति २०८१/०४/३१ गतेबाट २१ वटा जिल्लाहरूमा रहेका ४५ वटा विद्यालयहरूमा ७९ दिनको सिनियर डिभिजनका (१६२० जना) क्याडेट छात्रछात्राहरू सहभागी गराई NCC संस्थागत तालिम सम्पन्न गरिएको छ।
- नेपालबाट मित्रराष्ट्र भारत, भुटान, पाकिस्तान र माल्दिभ्समा आयोजना भएको युवा आदान-प्रदान कार्यक्रममा ३६ जना क्याडेट छात्रछात्राहरूलाई सहभागी गराइएको र नेपालमा उल्लिखित मित्रराष्ट्रहरूबाट पनि क्याडेट छात्रछात्राहरूलाई आमन्त्रण गरी विभिन्न कार्यक्रममा सहभागी गराई युवा आदान-प्रदान कार्यक्रम सम्पन्न गरिएको छ।

## (झ) नागरिक-सैनिक सम्बन्ध, सहयोग र सहकार्य

- रक्षा मन्त्रालयबाट पश्चिम पृतना हेडक्वाटर, पोखरा (गण्डकी प्रदेश) र पूर्वी पृतना हेडक्वाटर, इटहरी (कोशी प्रदेश) मा नागरिक सैनिक सम्बन्ध एवं मानव अधिकार र मानवीय कानून विषयक अभिमुखीकरण कार्यक्रम सम्पन्न गरी ६५ जना सैनिक अधिकृतहरूको क्षमता अभिवृद्धि गरिएको छ।
- यस अवधिमा विभिन्न ६९ वटा शङ्कास्पद वस्तु डिस्पोज गरिएको छ। जसमा IED ६१ र HOAX- ८ वटा रहेका छन्।
- यस अवधिमा सुत्केरी १३१ जना, गैर सैनिक घाइते/बिरामी ११० जना र विदेशी नागरिक ३ जना गरी कुल २४४ जनाको हवाई उद्धार गरिएको छ।
- नेपाली सेनाले देशका विभिन्न भागमा रहेका जङ्गलका विभिन्न ३०२ स्थानमा र १३३ वटा भौतिक संरचनामा भएको आगलागी नियन्त्रणमा सहयोग पुर्‍याएको छ।
- सवारी दुर्घटनामा परेका ६८ जना, नदी तथा तालमा डुबेका २४ जना, घाइते बिरामीहरू २१ जना, जङ्गलमा हराएका १८ जना गरी कुल १३१ जनाको सकुशल उद्धार गरिएको छ।
- विभिन्न २५६८ जनालाई खाद्य सामग्री, खेलकुद तथा शैक्षिक सामग्री उपलब्ध गराइएको छ।
- यस अवधिमा नेपाली सेनाले विभिन्न स्थानमा स्वास्थ्य शिविर सञ्चालन गरी कुल २१,६५३ जनालाई स्वास्थ्योपचार सेवा उपलब्ध गराएको छ।
- देशका विभिन्न भागमा सर्पदंशबाट प्रभावित २१७० जनालाई स्वास्थ्योपचार सेवा उपलब्ध गराइएको छ।
- बाजुरा जिल्लास्थित ऐतिहासिक, पुरातात्त्विक एवं धार्मिक महत्त्वको बडिमालिका मन्दिरको पुनर्निर्माणको जिम्मा नेपाली सेनालाई प्राप्त भएअनुसार ७९ जना फौज परिचालन गरी निर्धारित समयभित्रै मन्दिर पुनर्निर्माणको कार्य सम्पन्न गरिएको छ।
- यस अवधिमा वीरेन्द्र अस्पतालबाट १०,८३,४५८ जनालाई विभिन्न प्रकृतिका स्वास्थ्योपचार सेवा प्रदान गरिएको छ।
- मुलुकमा विभिन्न क्षेत्रमा स्थानीय जनतालाई सेवा र सहयोग पुर्‍याउने उद्देश्यले विभिन्न प्रकृतिका २२ वटा शीघ्र प्रभावी आयोजना (Quick Impact Projects) सम्पन्न गरी हस्तान्तरण गरिएको छ।

## (ञ) विविध कार्य

- २०८१ मंसिर १६ गते ७ वटै प्रदेशका ३३ जिल्लामा ४४ पदहरूका लागि भएको स्थानीय तहको उपनिर्वाचनमा नेपाल सरकारको निर्णयानुसार नेपाली सेनाबाट ३,७३७ फौज परिचालन भई निष्पक्ष र शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गराउन सहयोग पुगेको।
- अति विशिष्ट व्यक्तिहरूको लागि अनुरोध भै आएअनुसार हवाई उडानको व्यवस्था गरिएको छ।
- नेपाली सेना र भारतीय सेनाको संयुक्त सहभागितामा कञ्चनजङ्घा हिमालको सफल आरोहण कार्य सम्पन्न भएको छ।
- राष्ट्रिय चुरे संरक्षण कार्यक्रम अन्तर्गत ११५ हेक्टर जमिनमा १,८३,४७२ वटा फलफूल, औषधीजन्य लगायत विभिन्न प्रजातिका बिरुवाहरू रोप्ने, ११५ हेक्टर जमिनमा ७७३७ मिटर

तारबार निर्माण गर्ने तथा २ वटा ताल तलैयाहरूको संरक्षण तथा व्यवस्थापन गर्ने कार्य भएको छ।

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सुरक्षा सरोकारका समसामयिक विषयवस्तुहरूमा विभिन्न लेखरचनाहरू सङ्कलन गरी "सुरक्षा जर्नल" वार्षिक पत्रिका प्रकाशन गरिएको छ।
- वन्यजन्तु संरक्षण सम्बन्धमा बागलुङको ढोरपाटन र सोलुखुम्बुको सल्लेरीमा सरोकारवाला निकाय र व्यक्तिहरूसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ।
- देशका विभिन्न क्षेत्रमा रहेका निकुञ्जभित्रका वन्यजन्तुहरूको संरक्षण,चोरी शिकारी नियन्त्रण, निकुञ्ज क्षेत्रमा अवैध गतिविधि गर्नेहरूलाई पक्राउ गरी सम्बन्धित निकायमा बुझाइएको छ।
- रक्षा मन्त्रालय र मन्त्रालय परिसरलाई सिंहदरबारभित्रको एक आकर्षक र स्वच्छ कार्यस्थलको रूपमा स्थापित गर्न नियमित सरसफाइमा जोड दिइनुका साथै मन्त्रालयभित्र फूलका गमलाहरू सजाउने तथा बाहिर प्राङ्गणमा फूलका बिरुवा रोप्ने तथा हरियाली प्रवर्द्धन गर्ने कार्य नियमित रूपमा गरी कार्य वातावरणमा सुधार गरिएको छ।
- आ.व. २०८१/८२ मा रक्षा मन्त्रालय र मातहत निकायको समेत गरी कुल बेरुजु रु. ३,४५,८३,३९,८६७।— रहेकोमा उक्त बेरुजुमध्ये ६० प्रतिशत बेरुजु फछ्र्यौट गर्ने लक्ष्य लिइएकोमा हालसम्म रु. २,१२,२४,२४,३४४।- रकम बेरुजु फछ्र्यौट भई ६१.३७% प्रगति हासिल भएको छ।
- रक्षा मन्त्रालयको लागि आर्थिक वर्ष २०८१/८२ मा विनियोजित बजेटमध्ये चालु तर्फ रु. ५४,९८,४७,८०,०००।— र पूँजीगत तर्फ रु. ५,९४,३५,३२,०००।— गरी कुल बजेट ६०,९२,८३,१२,०००।— रहेकोमा हालसम्म चालुतर्फ ९९.८५% र पूँजीगततर्फ ५९.७१% प्रतिशत खर्च भएको स्थिति छ।